आज मिति २०७६ साल जेष्ठ ८ गतेका दिन यस गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको ६८ औं बैठक बसी निम्नलिखितको उपस्थितिमा निम्नलिखित निर्णयहरू पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री | जमान सिंह के.सी. | अध्यक्ष |
| " | हिमा कुमारी थरुनी | सदस्य |
| " | दयाराम वैधा थारु | " |
| " | आलोक कुमार थारु | " |
| " | पुनाराम थारु | " |
| " | बल बहादुर लालाउने | " |
| " | धर्म प्रकाश थारु | " |
| " | अमित कुमार खड्का | जि.वि. वडाध्यक्ष |
| " | चन्द्रकला कामी | सदस्य |
| " | शान्ति चौधरी | " |
| " | राजु पहुवाल खत्री | " |
| " | मोविला शर्मा पौडेल | " |
| " | बम बहादुर वि.क. | " |
| " | काशी प्रसाद पंगेनी | सचिव |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री | नारायण प्रसाद भण्डारी | ज.स्वा.नि. |
| " | कुल नारायण चौधरी | ना.सु. |

Scanned with CamScanner

निर्णय नं. १ भविष्यमा कोरोना भाइरसको संक्रमण भई मृत्यु भएको - पुष्टी भएका व्यक्तिहरूलाई दाहसंस्कार गर्ने प्रयोजनको लागी यस गाउपालिका अन्तर्गतका निम्न स्थानमा दाहसंस्कार स्थल - तोक्ने निर्णय गरियो ।

निम्न

गेरुवा गाउपालिका वडा नं. ३ को लोहारपुर घाट

गेरुवा गाउपालिका वडा नं. ४ र ५ को सिमानामा पर्ने खुरपुर घाट

निर्णय नं. २ गेरुवा गाउँपालिकाको वडा नं. ४ र ६ मा धान सुपरजोन - कार्यालय राजापुर, गेरुवा गाउपालिका र स्थानीय कृषक समूहको - त्रिपक्षिय लागत साझेदारीमा दुई वर्षा कुस्टम हायरिङ्ग सेन्टर स्थापना गर्ने प्रस्ताव प्राप्त भएकोले उक्त सेन्टर निर्माण गर्न रु. १८ लाख समपुरक कोष बाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ कोरोना भाइरसको संक्रमण बढिरहेको अवस्थामा भारत - बाट यस गाउपालिकामा फर्कने व्यक्तिहरूको संख्या बढ्ने देखिएकोले क्वारेन्टाइनलाई थप व्यवस्थित गर्नुपर्ने देखिएकोले आवश्यक निरीक्षण गरी खाना, शौचालय, पानी, बेड, बिजुली बत्ती आदी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने क्रममा खटिएका यस गाउपालिका अन्तर्गतका स्वास्थ्यकर्मी कर्मचारी तथा अन्य कर्मचारीहरूलाई कार्यविधि निर्माण गरी जोखिम भत्ता दिने निर्णय गरियो ।